उत्प्रेरक उद्यमी समाज

# २०८१

# दोश्रो साधारण सभा










बिर्तामोड ४ , झापा

२०८१/०६/३०

## प्रतिवेदन

# बिषयबस्तु


पृष्ठभूमि

कार्यसमिति

परिकल्पना तथा ध्येय

वार्षिक प्रगति प्रतिवेदन

वार्षिक कार्ययोजना

लेखा प्रतिवेदन

गतिविधिहरु

# पृष्ठभूमि

उत्प्रेरक उद्यमी समाज एक नवीन अवधारणामा आधारित उद्यमशीलतालाई प्रोत्साहन गर्ने गैर नाफा मुलक सामाजिक सँस्था हो जसमा विभिन्न उधम गर्न चाहनेहरुको लागि साथ सहयोग गरि अघि बढ्न मद्धत गरिन्छ । यो समाज व्यवसाय र उद्यमशील क्षेत्रहरूमा युवा, नवीन व्यक्तिहरूलाई प्रेरणा र समर्थन गर्न समर्पित छ। उत्प्रेरक उद्यमी समाज को परिचय हाम्रो समुदाय भित्र एक नयाँ अवधारणा हो, र हाम्रो समाज मा यसको सम्भावित दीर्घकालीन प्रभाव महत्वपूर्ण छ। सोसाइटीले राष्ट्रिय स्तरमा सहकार्य र नवप्रवर्तनलाई बढावा दिँदै देशभर एक व्यापक उद्यमशील नेटवर्क स्थापना गर्ने लक्ष्य राखेको छ।

उत्प्रेरक उद्यमी समाजको स्थापना वि. स. २०८० फागुन ०८ गते जिल्ला प्रशासन कार्यालय, भद्रपुर, झापामा दर्ता सम्पन्न गरि भएको थियो । जम्मा ११ सदस्यीय तदर्थ समिति मार्फत यस समजले आफ्नो प्रारम्भिक क्रियाकलाप सुरु गरेको थियो । देशमा बढ्दो आर्थिक समस्या र युवा शक्ति पलायनको कारण देशमा उधमशिलताको आवश्यकता महसूस भएको हो । काम गर्न सक्ने युवा शक्ति आफ्नो परिश्रम अन्य मुलुकमा खर्चिनु एउटा समाज मात्र नभएर पुरा राष्ट्रको लागि घातक समस्या हो । उत्प्रेरक उद्यमी सम्माज एउटा यस्तो सँस्था हो जसले यी समस्याहरुलाई सम्बोधन गर्न सक्दछ र समाजलाई दीर्घकालीन सकारात्मक प्रभाव पारि सुखी एवम् समृद्ध राष्ट्र निर्माणमा टेवा पुर्याउदछ ।



# कार्यसमिति



**सन्दिप गिरी**
अध्यक्ष



**सन्तोष कुमार श्रेष्ठ**
उपाध्यक्ष



**नविन भण्डारी**
महासचिव

# कार्यसमिति



**अर्जुन उप्रेती**
**कोषाध्यक्ष**



**टिकाराम धमला**
**सदस्य**



**निशान खतिवडा**
**सदस्य**

# कार्यसमिति



**विशाल प्रसाई**
**सदस्य**



**सृजन अधिकारी**
**सदस्य**



**आस्विन देउजा**
**सदस्य**

# कार्यसमिति



**प्रकाश पाण्डे**
**सदस्य**



**यशोधा कार्की**
**सदस्य**

# परिकल्पना तथा ध्येय

## परिकल्प

- समुदायहरुलाई उद्यमशीलता सँग जोड्दै लैजाने

## ध्येय

- उद्यमीहरुलाई आवश्यक साथ सहयोग गरि उनीहरुलाई सशक्तीकरण गर्ने,
- सफल उद्यमीहरुको सफलताको कथा मार्फत नयाँ उद्यमीहरुलाई उत्प्रेरित गर्ने,
- नयाँ व्यवसायिक योजना निर्माणका लागि सदस्यहरुलाई आवश्यक सहयोग गर्ने,
- छनौट भएका व्यवसायीका योजनालाई कार्यान्वयनको प्रतिबद्दता दिलाउने,

# वार्षिक प्रगति प्रतिवेदन



**सन्दिप गिरी**
**अध्यक्ष**

उत्प्रेरक उद्यमी समाजको यस दोश्रो साधारण सभामा पाल्नु भएको प्रमुख अतिथि ज्यू, विशिस्ट अतिथि ज्यू, अतिथि ज्यूहरु, विभिन्न संघ सँस्थालाई प्रतिनिधित्व गर्नुहुने अतिथि ज्युहरु, पत्रकार ज्युहरु तथा यस समाजमा आबद्ध सदस्य ज्युहरु सम्पूर्णमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

नेपालमा लामो समय देखि उद्यमशीलताको क्षेत्रमा नबिन काम भएको पाइएको छैन, उद्यमशीलताको ब्याख्या सामान्यतया परम्परागत रुपमा चली आएको ब्यापार व्यवसायमा मात्र सिमित राखिएको यो समाजलाई केहि नयाँ पन, मौलिकता झल्किने गरि उद्यमी बनाउन खोजिरहेको यस उत्प्रेरक उधमी समाजको दोश्रो साधारण सभामा यहाँहरुलाई स्वागत् गर्न पाउँदा गौरव महशुस गरेको छु ।

हाल देश ब्यापी रुपमा चलिरहेको आर्थिक समस्या, बेरोजगारी समस्या, युवा पलायनको समस्या इत्यादिलाई एकमुस्ट सम्बोधन गर्ने गरि यस समाजमा रहेका उद्यमशील तथा उद्यममा विस्वास राख्ने ११ जना युवाहरुको परिकल्पना द्वारा यस उत्प्रेरक उद्यमी समाज २०८० को विधिवत रुपमा स्थापना गरियो जसको उदेश्य दीर्घकालमा हरेक समुदायलाई उद्यमशीलता सँग जोड्दै लैजाने रहेको छ ।

यस संस्थाको ३ बर्षे योजना अन्तर्गत पहिलो संस्थामा संलग्न सदस्यहरु आफु उद्यमी भइ यस समाजमा रहेका अन्यलाई पनि उधमी हुन प्रेरणा बन्ने, दोश्रो हरेक पालिकामा समाजको ११ सदस्यीय उपसमिति बनाएर नयाँ एवम् नविन व्यवसायीक योजनामा काम गर्दै जाने र तेश्रो पालिका स्तरीय बिद्यालयहरुमा बच्चाहरुको उपसमिति निर्माण गरि उनीहरुलाई उद्यमशीलताको बिषयमा बेलै देखि जानकार गराउने । माथि उल्लेख गरिएको योजनाहरु सफल रुपमा प्रभावकारी ढंग बाट संचालन गर्न सकिएको खण्डमा हाल मुलुकमा देखिएका सामाजिक तथा आर्थिक समस्याहरुलाई उद्यमशीलताको माध्यम बाट जरा देखि चिर्न सफल हुने कुरामा दुइ मत छैन ।

आदरणीय सदस्य ज्यूहरु, यस सँस्था भर्खरै मात्र दर्ता प्रक्रिया पुरा गरि संचालनमा आएको हुनाले सँस्था मार्फत यस आर्थिक वर्ष २०८०/०८१ मा भए गरेका गतिविधिहरु यहाँ समक्ष छोटकरीमा पेश गर्ने अनुमति चाहन्छु ।

1. **संस्था दर्ता :**

- यस संस्था उत्प्रेरक उद्यमी समाज मिति २०८०/११/०८ गते जिल्ला प्रसाशन कार्यालय, भद्रपुर, झापा मार्फत गैर सरकारी सँस्था अंग्रेजीमा Non Government Organization (NGO) अन्तर्गत दर्ता न. ३४५७ रहने गरि दर्ता गरियो ।
- यस संस्था उत्प्रेरक उद्यमी समाज मिति २०८०/१२/१८ गते आन्तरिक राजस्व कार्यालय, भद्रपुर, झापामा स्थायी लेखा न. ६२१०८९०३७ रहने गरि दर्ता गरियो ।
- यस संस्था उत्प्रेरक उद्यमी समाज मिति २०८१/०१/१३ गते समाज कल्याण परिषद, पुल्चोक, ललितपुरमा आवद्धता न. ५६६६२ रहने गरि दर्ता गरियो ।

2. **सदस्यता शुल्क :**

- यस संस्था उत्प्रेरक उद्यमी समाजले ११ जना संस्थापक सदस्यहरु मार्फत सँस्था दर्ता पश्चात् प्रति सदस्य रु. १,००० को दरले जम्मा रु. ११,००० अक्षरुपी रु. एघार हजार र ४० जना साधारण सदस्यहरु मार्फत रु. ५०० को दरले जम्मा रु. २०,००० अक्षरुपी रु. बीस हजार मात्र संकलन गरिएको ।

3. **बैठक संचालन :**

- यस संस्था उत्प्रेरक उद्यमी समाजको जम्मा बैठक ६ पटक भिन्न भिन्नै प्रस्तावहरुमा छलफल गरि सम्पन्न गरिएको र प्रत्येक महिनाको पहिलो शनिवार यस संस्थाको नियमित बैठक बस्ने निर्णय गरियो ।

4. **आर्थिक प्रशासन कार्यविधि :**

- यस संस्थाको आर्थिक प्रशासन कार्यविधि निर्माण कार्यका लागि १ संयोजक श्री नविन भण्डारी र २ सदस्यहरु श्री बिशाल प्रसाई , श्री अर्जुन उप्रेती ज्यूले कार्य समिति मार्फत कार्यविधि पारित गर्नु भएको ।

5. **साधारण सदस्यता :**

- यस संस्थाको विधानको परिच्छेद २ दफा १० बमोजिम साधारण सदस्यता खुल्ला गरेको जसमा हाल सम्म ६० आवेदकहरुको आवेदनको आधारमा ४० आवेदकहरु लाई सदस्यता वितरण गरेको ।

6. **Catalyst Talk :**

- युवाहरुको उद्यमशीलताको बिकास र उत्प्रेरणा प्रदान गर्न यस सँस्थाले Catalyst Talk कार्यक्रम संचालन गर्ने निर्णय गरेको थियो जसमा ख्याती प्राप्त ४ जना उद्यमीहरुले आफुले भोगे गरेका तिता मिठा अनुभव हरु युवा माझ साटासाट गरेको ।

7. **सामाजिक संजाल संचालन :**

- यस संस्थाले विभिन्न सामाजिक संजाल पेजहरु संचालन कार्य अगाडी बढाएको छ जस्तै Facebook , youTube, Gmail, Instagram, Linkedin

8. **अन्तरक्रियात्मक कार्यक्रम :**
- सदस्यहरुलाई सँस्था बारे जानकारी परिचय दिने  उदेश्यले १ दिने अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको जसमा ४१ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

9. **मानार्थ सदस्यता :**
- सँस्थाले विशिस्ट ब्यतित्व, सफल उत्कृस्ट व्यवसायीहरुलाई सम्मान स्वरूप मानार्थ सदस्यता दिने प्रावधान रहेको हुनाले निम्न व्यक्तिहरुलाई सँस्थाको तर्फबाट मानार्थ सदस्यता प्रदान गरिएको छ।
    - श्री सईग्रेस पोखरेल - Catalyst Talk कार्यक्रममा मानार्थ सदस्यता मार्फत सम्मान
    - श्री शरद बन्जारा - Catalyst Talk कार्यक्रममा मानार्थ सदस्यता मार्फत सम्मान
    - श्री रुद्र मणि श्रेष्ठ - अन्तरक्रियात्मक कार्यक्रममा मानार्थ सदस्यता मार्फत सम्मान
    - श्री शुगारिका केशी  - Catalyst Talk कार्यक्रममा मानार्थ सदस्यता मार्फत सम्मान
    - श्री शम्भु पोखरेल - Catalyst Talk कार्यक्रममा मानार्थ सदस्यता मार्फत सम्मान

10. **Innovative Idea प्रस्तुति :**
- सँस्थाले Innovative Idea जुन उधमशिलता सँग सम्बन्धित छ सो को लागि एउटा प्लेटफर्म सृजना गरेको छ र सो प्लेटफर्ममा Innovative Idea प्रस्तुत हुन सुरु भैसकेको छ। यस प्लेटफर्ममा  Idea प्रस्तुतिकर्ता र लगानीकर्ता दुवैको सहभागिता रहने गरेको छ।

11. **Website निर्माण :**
- सँस्था को प्रकृति गैर सरकारी सँस्था भएकाले सम्पूर्ण क्रियाकलाप अपडेट राख्नु पर्ने हुनाले संस्थाको नाममा Website निर्माणका लागि सँस्थाको कोषाध्याक्ष्य श्री अर्जुन उप्रेतीलाई जिम्मेवारी दिइएको।

# वार्षिक कार्य योजना

आर्थिक वर्ष २०८१/०८२ मा संचालन गर्ने प्रस्तावित कार्यक्रमहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- सदस्यता : यस संस्था उत्प्रेरक उद्यमी समाजमा आगामी आर्थिक वर्ष सम्ममा १५० जना नयाँ सदस्य थप गरिनेछ । सदस्य छनौट प्रक्रिया संस्थाको विधानमा उल्लेख भए अनुरुप हुनेछ ।
- सदस्यता शुल्क सङ्कलन : आगामी आर्थिक वर्षमा कम्तिमा रु. ७५,००० /- अक्षरुपी पचहत्तर हजार मात्र सदस्यता शुल्कको रुपमा संकलन गरिनेछ र उक्त रकम साँस्थाको भावी योजनामा आवश्यकता अनुरुप खर्च गरिनेछ ।
- Catalyst Talk कार्यक्रम : आगामी वर्षमा कम्तिमा ५ जना सफल उद्यमी सँग Catalyst Talk कार्यक्रम संचालन गरिनेछ ।
- अन्तरक्रियात्मक कार्यक्रम : आगामी वर्ष कम्तिमा ५ वटा सदस्य केन्द्रित अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ । जसमा उत्प्रेरक उद्यमी समाजलाई नजिक बाट सदस्यहरु माझ चिनाउन खोजिनेछ ।
- उद्यमशीलता सम्बन्धि योजना : आगामी वर्ष कम्तिमा १० वटा नयाँ नविन उधमशिलता सम्बन्धि योजना बनाइनेछ जसमा २ वटा योजनालाई प्राथमिकतामा राखिनेछ ।
- सेमिनार तथा तालिम : आगामी वर्षमा कुनै संघ सँस्था वा सफल उद्यमीहरु सँगको सहयोगमा २ ठुला सेमिनार तथा तालिम संचालन गरिनेछ जसको उद्देश्य युवा बर्गलाई उद्यमशीलतामा आकर्षित गर्नु रहनेछ ।
- सामाजिक संजालमा प्रस्तुति : नविन उद्यमशीलता सम्बन्धि योजनाहरुलाई सामाजिक संजाल मार्फत प्रस्तुत गरिनेछ जसको उद्देश्य समाजमा भड्किएर रहेका युवा तथा केहि गर्न खोजिरहेका व्यक्तिहरुलाई लक्षित गरि उनीहरुलाई बाटो देखाउनु हो ।
- स्टार्टअप सम्बन्धि कार्यशाला : आवस्यकता अनुसार स्टार्टअप सम्बन्धि कार्यशालाको व्यवस्था गर्ने ।
- व्यवसाय दर्ता तथा संचालन सम्बन्धि तालिम : नयाँ व्यवसाय सुरु गर्नु पुर्व र सुरु भए पछी कानुनि दर्ता प्रकृया तथा व्यवसाय संचालन तालिम दिइनेछ ।
- उद्यमी संजाल विस्तार : हाल उधम गरिरहेका उद्यमीहरुको संजाल तयार गरिनेछ र उद्यमशीलता कदम उठाउन लागेका नयाँ उद्यमीहरु बीच पुलको काम गरिनेछ ।
- Catalyst talk With CEO : सँस्थाले बैंक तथा वित्तीय सँस्थाका CEO हरु सँग यस आर्थिक वर्षमा २ वटा Show संचालन गरिनेछ । कार्यक्रमको उदेश्य स्टार्टअप सम्बन्धि बैकिंग नीति र उधमीहरु लाई सरल कर्जा प्रवाह र बैकिंग स्टेपहरु रहेका छन् ।

आदरणीय संस्थाका सदस्य ज्यूहरु, यहाँहरुको गरिमामय उपस्थितिका बीच यस संस्थाले हाल सम्म भए गरेका गतिविधि तथा आगामि आर्थिक वर्षमा हुने प्रस्तावित कार्यक्रमहरु बारे प्रतिवेदन पेश गरेको छु । आशा छ आवश्यक सुझाव सहित यो प्रतिवेदन पास गरिदिनु हुनेछ ।
अन्त्यमा आजको यस साधारण सभामा पाल्नुहुने प्रमुख अतिथि ज्यू, विशिस्ट अतिथि ज्यू, अतिथि ज्युहरु, विभिन्न संघ सँस्था बाट पाल्नु भएको प्रतिनिधि ज्यूहरु, संस्थाको सदस्य ज्युहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई यो प्रारम्भिक साधारण सभा सब्य तथा भब्य रुपमा सफल पार्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो मन्तब्य यही अन्त्य गर्दछु ।

धन्यवाद !
जय उद्यमी

**सन्दिप गिरी**
**अध्यक्ष**

# लेखा प्रतिवेदन



**अर्जुन उप्रेती**
**कोषाध्यक्ष**

यस सँस्थाको गरिमामय दोश्रो साधारण सभाका अध्यक्षज्यू, अन्य अतिथि गण, विभिन्न संघ संस्थाका प्रतिनिधि, कर्मचारी तथा पत्रकार एवम् सम्पूर्ण सदस्य ज्यूहरु सबैमा संस्थाको कोषाध्यक्षको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु । आवश्ययक सुझावको अपेक्षा सहित यस संस्थाले हाल सम्म गरेको कारोबारको लेखा प्रतिवेदन प्रस्तुत गरेको छु ।

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | सदस्यता शुल्क | २६,५००.०० |
| २ | कार्यालय खर्च | ११,६०५.०० |
| ३ | कार्यक्रम खर्च | ६,०४५.०० |
| ४ | यस बर्षको बचत | ८,८५०.०० |

अन्त्यमा आजको यस साधारण सभामा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई कोषाध्यक्षको तर्फबाट हार्दिक धन्यवाद दिदै मेरो मन्तब्य यही अन्त्य गर्दछु ।

धन्यवाद !
जय उद्यमी

**अर्जुन उप्रेती**
**कोषाध्यक्ष**

# आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन
# Audit Report 2080/081

# उत्प्रेरक उद्यमी समाज
# दोश्रो वार्षिक साधारणसभा

*Acharya & Associates*
*Registered Auditors*
*Regd No : 2059*
*Bhadrapur - 10, Jhapa*

*Harikishor Acharya*
*Registered Auditor*
*ICAN COP No : 466 'D'*
*MObile No : 9842626166*

*PAN. 301193654*

# स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

**श्री सदस्य महोदयहरु**
**उत्प्रेरक उद्यमी समाज**
**विर्तामोड - ४, झापा**

**राय**

हामीले **उत्प्रेरक उद्यमी समाज, विर्तामोड - ४,** झापाको वित्तीय विवरणहरू लेखापरीक्षण गरेका छौं, जसमा असार ३१, २०८१ को वित्तिय स्थितिको विवराण, सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय ब्यय विवरण तथा सोही मितिमा समाप्त नगद प्रवाह विवरण र प्रमुख लेखा निति तथा टिप्पणीहरु समावेश छ।

हाम्रो विचारमा, पहिलेको वित्तिय लेखामान अनुसार तयार गरीएको वित्तिय विवरणहरुले संस्थाको मिति २०८१ आषाढ ३१ गतेको वित्तिय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय विवरण, इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह विवरणको उचित तथा यर्थाथ विवरण चित्रण गर्दछ।

**रायको लागि आधार**

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान (NSAs) अनुसार गरेका छौं। ती मापदण्डहरू अन्तर्गतका हाम्रा जिम्मेवारीहरू हाम्रो प्रतिवेदनको वित्तीय विवरण खण्डको लेखापरीक्षणका लागि लेखापरीक्षकको जिम्मेवारीमा थप वर्णन गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौ। हामी विश्वास गर्छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उपयुक्त छन्।

**लेखापरीक्षण मुख्य मामिलाहरु**

लेखापरीक्षण मुख्य मामिलाहरू ती विषयहरू हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा, हालको अवधिको वित्तीय विवरणहरूको हाम्रो लेखापरीक्षणमा सबैभन्दा महत्त्वपूर्ण थियो। यी मामिलाहरू हाम्रो समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो, र हामी यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकिय ब्यवस्थाबहन गर्ने अख्तियारीको उत्तरदायित्व**

यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा ब्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालिको जिम्मेवारी ब्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तरगत चाहे जालसाजी वा गल्तीवाट होस, सारभुत किसिमकाले त्रुटि रहित, वित्तिय विवरण तयार गर्ने, आन्तिरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको ब्यवस्थापन कार्य र लेखा नितिहरुको छनौट तथा लागु गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरू तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा ब्यवसायको विशेष लेखाजोखा ब्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरु खुलासा गर्ने दायित्व ब्यवस्थापनमा रहेको छ। संस्थाको वित्तिय विवरणहरुको निरिक्षण गर्ने जिम्मेवारी शासकिय ब्यवस्थापन गर्ने अख्तियारनामा रहेको हुन्छ।

दर्तावाला लेखापरीक्षक
०८१/६/१२०

*Acharya & Associates*
*Registered Auditors*
*Regd No : 2059*
*Bhadrapur - 10, Jhapa*

*Harikishor Acharya*
*Registered Auditor*
*ICAN COP No : 466 'D'*
*MObile No : 9842626166*

*PAN. 301193654*

**वित्तीय विवरणमा लेखापरीक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य भनेको वित्तिय विवरणहरु तथ्यको गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिस्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएता पनी नेपाल लेखापरिक्षण मान अनुसार लेखापरिक्षण गर्दा वित्तिय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीवाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले आर्थिक प्रयोग कर्ताहरुले सो सो त्रुटिपुर्ण वित्तिय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभावपार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ ।

NSAs अनुसार लेखापरीक्षणको एक भागको रूपमा, हामी व्यावसायिक निर्णयको अभ्यास गर्छौं र सम्पूर्ण लेखापरीक्षणमा व्यावसायिक शंकालाई कायम राख्छौं । हामी पनि:

- लेखापरीक्षण अर्न्तगत वित्तिय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको लेखापरीक्षणका प्रमाण प्राप्ति गर्ने कार्यविधिहरु सम्पादन गरेका छौ र यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरिक्षकको ब्यवसायिक विवेक तथा वित्तिय विवरणहरु समग्र रुपमा जालसाजी वा त्रुटीवाट हुनसक्ने त्रुटीपुर्ण प्रस्तुतीको जोखिम पुल्याङ्कनमा निर्भर हुन्छ । जालसाजीवाट निम्ताएका त्रुटीको जोखिम गल्तीवाट निम्त्याइएको जोखिम भन्दा अधिक हुन्छ ।
- उक्त जोखिम मुल्याङ्कन गर्दा आन्तिरिक नियन्त्रण प्रणलिको प्रभावकारीता माथी राय व्यक्त गर्ने उद्धेश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागी लेखापरीक्षकले निकायको वित्तिय विवरणको तयारी र सही प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणहरुको जानकारी प्राप्त गर्ने हुन्छ ।
- लेखापरिक्षणमा चालु संस्थाको रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभुत अनिस्चितता रहेको वा नरहेको वारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निस्कर्ष भएमा, वित्तिय विवरणमा भएका सुलासाका बारेमा लेखापरिक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ति खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरिक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । परन्तु भविश्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्छ ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तिय विवरणहरुको समष्टिगत प्रस्तुतिकरणको मुल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ ।
- व्यवस्थापनले तयार पारेको वित्तिय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तिय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तिय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरिक्षणको क्रममा पाइएका महत्वपुर्ण कैफियतहरु शासकिय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- स्वतन्त्रता सम्बन्धि नैतिक आवश्यकताहरुको पुर्ण रुपले पालना गरिएको छ भनी शासकिय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई जानकारी गराइन्छ ।
- शासकिय कार्यभार बहन गर्ने व्यक्तिलाई स्वतन्त्रता सम्बन्धि आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्दछ, सो विषयहरुलाई निराकरण गरेकोवारे पनि शासकिय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

..........................
दर्तावाला लेखापरीक्षक

*L.P. Ghimire & Associates*
*Registered Auditors*
*Bhadrapur - 6, Jhapa*
*ICAN Firm Regd. No. 4859 'C'*
*PAN. 300993301*
☎ *023-452799, 9842660919, 9817953174*
*E-mail : lpghimire.associates@gmail.com*

हामी लेखापरीक्षणको योजनाबद्ध दायरा र समय र महत्वपूर्ण लेखापरीक्षण निष्कर्षहरू, जसमा हामीले हाम्रो लेखापरीक्षणको क्रममा पहिचान गर्ने आन्तरिक नियन्त्रणमा भएका कुनै पनि महत्त्वपूर्ण कमीहरू लगायत अन्य मामिलाहरूमा सुशासनका व्यक्तिहरूसँग कुराकानी गर्छौं ।

हामीले स्वतन्त्रता सम्बन्धी सान्दर्भिक नैतिक आवश्यकताहरूको पालना गरेका छौं र तिनीहरूसँग हाम्रो स्वतन्त्रता, र जहाँ लागू हुन्छ, सम्बन्धित सुरक्षाका लागि उचित रूपमा सोच्न सक्ने सबै सम्बन्धहरू र अन्य मामिलाहरू सञ्चार गर्न हामी सुशासनका व्यक्तिहरूलाई पनि प्रदान गर्दछौं ।

सुशासनका व्यक्तिहरूसँग सञ्चार गरिएका मामिलाहरूबाट, हामी ती विषयहरू निर्धारण गर्छौं जुन वर्तमान अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्त्वपूर्ण थियो र त्यसैले मुख्य लेखापरीक्षण मामिलाहरू हुन् । हामी हाम्रो लेखा परीक्षकको प्रतिवेदनमा यी मामिलाहरू वर्णन गर्छौं जबसम्म कानून वा नियमले यस विषयमा सार्वजनिक खुलासा गर्न रोक्दैन वा जब, अत्यन्तै दुर्लभ अवस्थामा, हामी निर्धारण गर्छौं कि हाम्रो प्रतिवेदनमा कुनै कुरालाई सञ्चार गर्नु हुँदैन किनभने त्यसो गर्दा प्रतिकूल परिणामहरू उचित रूपमा अपेक्षित हुन्छन् ।

**उपरोक्त आधारमा लेखा परिक्षण गरी निम्नानुसारको प्रतिवेदन पेश गरेका छौ ।**

क) हामीले सबै जानकारी र स्पष्टीकरणहरू प्राप्त गरेका छौं, जुन हाम्रो ज्ञान र विश्वासले हाम्रो लेखापरीक्षणको उद्देश्यको लागि आवश्यक थियो ।

ख) हाम्रो विचारमा संस्थाले कानुनबमोजिम आवश्यक हिसाब किताबहरू हालसम्म राखेको छ, जुन हाम्रा ती पुस्तकहरूको परीक्षणबाट देखिन्छ ।

ग) वित्तीय विवरणहरू लेखा पुस्तकहरूसँग सहमत छन् ।

घ) हाम्रो विचारमा र हाम्रो जानकारीको राम्रोसँग र हामीलाई दिइएको स्पष्टीकरण अनुसार, उक्त वित्तीय स्थितिको वित्तीय विवरण, व्यापक आयको विवरण र नगद प्रवाह विवरण, खाताहरूको अंश बन्ने नोटहरू सहित पढ्नुहोस् ।

- अ) ३१ असार २०८१ मा संस्थाको अवस्थाको वित्तीय स्थितिको विवरणको मामलामा; र
- आ) नाफा नोक्सान विवरणको हकमा, २०८१ असार ३१ गते समाप्त भएको वर्षको संस्थाको सञ्चालनको नतिजा; र
- इ) नगद प्रवाह विवरणको हकमा, त्यो मितिमा समाप्त भएको वर्षको लागि संस्थाको नगद प्रवाह र बहिर्वाह ।

ङ) हामीले लेखापरीक्षणको क्रममा सञ्चालक वा संस्थाका कुनै प्रतिनिधि वा कर्मचारीले कोषको दुरुपयोग गरेको बारे न त हामीले कुनै जानकारी पाएका छौं न त व्यवस्थापनबाट त्यस्तो कुनै जानकारी प्राप्त गरेका छौं ।

च) संस्थाले यस आ.व.मा बजेट र खर्चको विवरण तयार गरेको देखिदैन ।

छ) संस्थाले यस आ.व.मा कोष जवाफदेयिताको विवरण तयार गरेको देखिएन ।

हरीकिसोर आचार्य
दर्तावाला लेखापरीक्षक

UDIN Number: 241016RA000923FYah
Date : 2024.10.16 (2081.06.30)

# उत्प्रेरक उद्यमी समाज

बिर्तामोड - ४, झापा

आ.व. ०८०/०८१ को

## वित्तिय स्थिति विवरण

| दायित्व | अनुसुची | ०८०/०८१ | ०७९/०८० |
|---|---|---|---|
| संचित नाफा नोक्सान कोष | | ८,८५०.०० | |
| स्थिर सम्पति कोष | | - | |
| साहु धरौटी र व्यवस्था | | | |
| ले.प.शुल्क | | ५,०००.०० | |
| सापटी - सन्दिप गिरी | | ६,६०५.०० | |
| सापटी - सन्तोष कुमार श्रेष्ठ | | ३,०४५.०० | |
| सापटी - अर्जुन उप्रेती | | २,६००.०० | |
| सापटी - श्रीजन अधिकारी | | ४००.०० | |
| **जम्मा** | | **२६,५००.००** | - |
| | | | |
| **सम्पति तथा जायजेथा** | | **०८०/०८१** | **०७९/०८०** |
| स्थिर सम्पति | | - | |
| पेशिक, सापटि र धरौटि | | - | - |
| चालु सम्पति | | - | - |
| नगद तथा बैंक मौज्दात | | | |
| नगद मौज्दात | | ६,०००.०० | |
| रा.वा. बैंक लि. | | २०,५००.०० | |
| **जम्मा** | | **२६,५००.००** | - |

- -

कोषाध्यक्ष महासचिव उपाध्यक्ष अध्यक्ष लेखापरिक्षक

# उत्प्रेरक उद्यमी समाज

बिर्तामोड - ४, झापा

आ.व. ०८०/०८१ को

## आय–व्यय विवरण

| आय विवरण | अनुसुची | ०८०/०८१ | ०७९/०८० |
|---|---|---|---|
| सदस्यता तथा नविकरण शुल्क | | २६,५००.०० | - |
| विविध आम्दानी | | - | |
| **जम्मा आय** | | **२६,५००.००** | - |
| **व्यय विवरण** | | | |
| **क) कार्यालय खर्च** | | | |
| मसलन्द तथा छपाई | | २,५५०.०० | |
| लेखापरिक्षण शुल्क | | ५,०००.०० | |
| दर्ता तथा नविकरण खर्च | | ४,०५५.०० | |
| **ख) कार्यक्रम खर्च** | | | |
| नयाँ सदस्यसँग अन्तरक्रिया | | ३,०४५.०० | |
| क्याटलिष्ट टक १ | | २,६००.०० | |
| क्याटलिष्ट टक २ | | ४००.०० | |
| **जम्मा खर्च** | | **१७,६५०.००** | - |
| **यस बर्षको बचत (नोक्सान)** | | **८,८५०.००** | - |
| गत बर्ष सम्मको नोक्सान | | - | |
| **कर योग्य बचत नोक्सान** | | **८,८५०.००** | - |

कोषाध्यक्ष    महासचिव    उपाध्यक्ष    अध्यक्ष    लेखापरिक्षक

# उत्प्रेरक उद्यमी समाज

बिर्तामोड - ४, झापा

**आ.व. ०८०/०८१ को अन्त्यमा**

## नगद प्रवाह विवरण

| विवरण | अनुसूची | ०८०/०८१ | ०७९/०८० |
|---|---|---|---|
| **कोषको श्रोत:** | | | |
| **क) चालु सम्पत्ति र दायित्वको शुरुको मौज्दात** | | | |
| नगद तथा बैंक मौज्दात | | | |
| पेश्कि, सापटी र धरौटी | | | |
| न्युन: साहु धरौटी र व्यवस्था | | | |
| **जम्मा** | | - | - |
| **ख) आम्दानी** | | | |
| सदस्यता तथा नविकरण शुल्क | | २६,५००.०० | - |
| विविध आम्दानी | | - | |
| **जम्मा** | | **२६,५००.००** | - |
| **जम्मा (क + ख)** | | **२६,५००.००** | - |
| **कोषको उपयोग:** | | | |
| **क) कार्यालय खर्च** | | | |
| मसलन्द तथा छपाई | | २,५५०.०० | |
| लेखापरिक्षण शुल्क | | ५,०००.०० | |
| दर्ता तथा नविकरण खर्च | | ४,०५५.०० | |
| **ख) कार्यक्रम खर्च** | | | |
| नयाँ सदस्यसँग अन्तरक्रिया | | ३,०४५.०० | |
| क्याटलिष्ट टक १ | | २,६००.०० | |
| क्याटलिष्ट टक २ | | ४००.०० | |
| **जम्मा** | | **१७,६५०.००** | - |
| **ख) चालु सम्पत्ति र दायित्वको अन्तिम मौज्दात** | | | |
| नगद मौज्दात तथा बैंक मौज्दात | | १३,८५०.०० | |
| पेश्कि, सापटी र धरौटी | | | |
| न्युन: साहु धरौटी र व्यवस्था | | (५,०००.००) | |
| **जम्मा** | | **८,८५०.००** | - |
| **जम्मा (क + ख)** | | **२६,५००.००** | - |

कोषाध्यक्ष    महासचिव    उपाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

# गतिविधिहरु












# गतिविधिहरु











# Catalyst Entrepreneurs Society




# AGM REPORT 2081

दोश्रो साधारण सभा २०८१

Email: cesnepal2080@gmail.com